गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश, नेपाल

प्र.सं : २०७६।०७७ मिति : २०७६।०८।०३

च.न : ६२१

## सूचना ! सूचना ! सूचना !

वैदेशिक रोजगार नियमावली (पाँचौ संशोधन), २०६४ अनुसार, श्रम स्वीकृत लिई वैदेशिक रोजगारमा गएको कुनै कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु भएमा मृत्य भएको एक वर्षभित्र मृत्यु भएको प्रमाणित हुने कागजात सहित मृतकको नजिकको हकवालाले आर्थिक सहायताको लागि बोर्ड सचिवालयमा उपस्थित भएर वा यस गजुरी गाँउपालिकाको आफु स्थायीरुपले बसोबास गर्ने वडा कार्यालयमा वा गाँउपालिकामै निवेदन दिन सक्ने व्यवस्था भएअनुरुप सम्वन्धित व्यक्तिले देहाय बमोजिमका कागजातहरु सहित निवेदन दिनुहुन यो सुचना प्रकासन गरिएको छ। निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय बाट पाईने छ।

१.राहादानीमा गन्तब्य मुलुकमा पुगेको प्रमाणित छाप भएको पुष्ठ र राहादानीवाहको राहादानी नं, नाम र फोटो भएको प्रतिलिपि ।

२.विदेशमा मृत्यु भएको भए रोजगारदाता कम्पनी, नियोग, अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्रको प्रतिलिपि ।

३.नेपालमा मृत्यु भएको हकमा निज वैदेशिक रोजगारीवाट फर्केको आगमनको छाप लागेको पुष्ठको प्रतिलिपि ।

४.स्थानियतहले प्रदान गरेको मृत्य दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

५.हकवालाको नागरिकता, नाता प्रमाणित र अविवाहित भए अविवाअितको सिफारिस पत्र ।

६.स्थानीय तहवाट हकवाला खुलेको फोटो र वैङ्को नाम, शाखा र वैङ्क खाता नं रुजु सहितको वैंकको पत्र ।

७.नजिकको हकवालाको पासपोर्ट साईजको एक प्रति फोटो ।

सन्तोष सापकोटा

रोजगार संयोजक